# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू दैलेख
कर्णाली प्रदेश, नेपाल

फोन : ०८९-४११०६५
फ्याक्स नं. : ०८९-४११०४१


प.सं. ०७९/०८० मितिः २०७९/१२/२९

च.नं. 2022

विषय :- आदेश कार्यान्वयन सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरू सबै
दुल्लू नगरपालिका
दैलेख ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प.सं. २०७९/०८० शि.व्य., च.नं. २६१ र मिति २०७९/१२/२७ गतेको प्राप्त पत्रानुसार श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय, बबरमहल, काठमाडौंको च.नं. ३७६, मिति २०७९/१२/१४ को श्री उच्च अदालत पाटनबाट मिति २०७९/१२/०२/०४ मा भएको आदेश कार्यान्वयन गर्ने गराउने सम्बन्धी पत्रको छाँयाप्रति प्राप्त भई सो को व्यहोरा अवगत भयो । साथै उक्त पत्रहरूको छाँयाप्रति यसै पत्रसाथ संलग्न छ, आदेशको व्यहोरा उक्त पत्रहरूबाटै अवगत गर्नु भई उक्त आदेश कार्यान्वयन गर्न गराउन हुन र सो को जानकारी यस कार्यालयलाई गराउन हुन निर्देशानुसार अनुरोध छ ।

2075/12/25

विकाशजंग शाही
शिक्षा अधिकृत
विकाशजंग शाही
शिक्षा अधिकृत, छैठौं

श्री सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय

बबरमहल काठमाडौं
फोन नं.: ०१-४२५९६०२
०१-४२४८२५१
वेबसाइट:www.supremecourt.gov.np
इमेल:jed@supremecourt.gov.np

पत्र संख्या :०७९/०८०
चलानी नं.: ३६६

मितिः२०७९।१२।१४

विषयः आदेश कार्यान्वयन सम्बन्धमा।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
(कानून तथा फैसला कार्यान्वयन महाशाखा) सिंहदरबार, काठमाण्डौ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरबार, काठमाण्डौ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(कानून तथा फैसला कार्यान्वयन शाखा) सिंहदरबार, काठमाण्डौ।
श्री निर्वाचन आयोग नेपाल, कान्तिपथ, काठमाण्डौ।
श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालय, किर्तिपुर, काठमाण्डौ।
श्री शिक्षा, विकास तथा मानवश्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर।
श्री नेपाल कम्युनिष्ट पार्टी (ऐमाले) केन्द्रिय कार्यालय, थापाथली, काठमाण्डौ।
श्री नेपाली कांग्रेस, केन्द्रिय कार्यालय, सानेपा, काठमाण्डौ।
श्री नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), पेरिसडाँडा, कोटेश्वर, काठमाण्डौ।
श्री जनता समाजवादी पार्टी, केन्द्रिय कार्यालय, बबरमहल, काठमाण्डौ।
श्री नेपाल शिक्षक महासंघ, केन्द्रिय समिति, केशरमहल, काठमाण्डौ।

उपरोक्त सम्बन्धमा निवेदक अजित भण्डारी विपक्षी श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको रिट नं. ०७८-WO-०४०८ को उत्प्रेषण परमादेश समेतको रिट निवेदनमा श्री उच्च अदालत पाटन बाट मिति २०७९/०२/०४ मा भएको आदेश कार्यान्वयनको सम्बन्धमा प्रतिलिपी प्राप्त भई व्यहोरा अवगत भएकै होला। उक्त आदेश कार्यान्वयन नभएकोले कार्यान्वयन गरी पाउँ भनि निवेदक अजित भण्डारीले मिति २०७९।१२।१३ मा यस निर्देशनालयमा निवेदन दर्ता गराएको हुँदा प्रस्तुत पत्र लेखिदै छ।

श्री उच्च अदालत पाटनबाट मिति २०७९/०२/०४ मा "... रिट निवेदन मागदावी बमोजिम कुनैपनि शिक्षक वा कर्मचारीलाई राजनीतिक दलको सदस्यता प्रदान नगर्नु, नगराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुनुपर्ने हो वा होइन? भन्ने सम्बन्धमा विचार गर्दा कानूनी राज्यको अवधारणा तथा संविधानवादको अवधारणा समेतका सैद्धान्तिक मान्यता अनुसार विधायिकाद्वारा निर्माण गरी प्रचलनमा रहेको राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ को उपदफा (२) को खण्ड (ग) तथा शिक्षा ऐन, २०२८ को दफा १६ ङ को उपदफा (५) को खण्ड (छ) मा भएको कानूनी व्यवस्था विपक्षी सरकारी निकायहरु लगायत सार्वजनिक पदमा रहेका सम्बन्धित शिक्षक कर्मचारी र महत्वपूर्ण सार्वजनिक कर्तव्य रहेका राजनीतिक दलहरु सबैले अनिवार्य रुपमा परिपालना गर्नु पर्ने भएको र कसैबाट उल्लिखित कानूनी व्यवस्थाको उल्लंघन हुन गएको पाइएमा त्यसको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने जिम्मेवारी भएका विपक्षी सरकारी निकायले कानून बमोजिम उक्त जिम्मेवारी पूरा गर्नु पर्ने नै हुँदा उल्लिखित कानूनी व्यवस्थाका साथै सो सम्बन्धमा विपक्षी निर्वाचन आयोगबाट मिति २०७८/०८/०७ मा भएको निर्णय समेत प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गर्नु पर्ने अवस्था रहेको देखियो। माथि विवेचना गरिएका आधार र कारणबाट प्रस्तुत रिट निवेदनमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७ तथा शिक्षा ऐन, २०२८ को दफा १६ ङ को उपदफा (५) को खण्ड (छ) मा रहेको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरुका नाममा परमादेश आदेश जारी हुने ठहर्छ..."। भन्ने समेत व्यहोराको आदेश भएको देखिन्छ।

अतः श्री उच्च अदालत पाटनको मिति २०७९/०२/०४ को उक्त आदेश कार्यान्वयन गरी गराई सो को जानकारी यथाशिघ्र यस निर्देशनालयमा पठाईदिनुहुन निर्देशानुसार अनुरोध छ।

२०७९।१२।१४
शोभी ढङ्गाना

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प..सं. २०७९/८० शि. व्य.
च.नं. २६१

शाखा सम्पर्क नं. ०१-६६३५११३

मितिः २०७९/१२/२७

विषयः आदेश कार्यान्वयन सम्वन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै।
श्री स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय, बबरमहल, काठमाडौंको च.नं. ३७६, मिति २०७९/१२/१४ को श्री उच्च अदालत पाटनबाट मिति २०७९/०२/०४ मा भएको आदेश कार्यान्वयन गर्ने गराउने सम्वन्धी पत्रको छाँयाप्रति यसंसाथ संलग्न छ। आदेशको व्यहोरा उक्त पत्रबाटै अवगत गर्नु भई उक्त आदेश कार्यान्वयन गर्न गराउनु हुन र सो को जानकारी यस केन्द्रलाई गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

वोधार्थ
श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय, बबरमहल, काठमाडौं ।
श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, कानुन तथा फैसला कार्यान्वयन शाखा, सिंहदरबार, काठमाडौं ।

12/26
राम वहादुर अधिकारी
शाखा अधिकृत